# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं श्रावण ११ गते २०१० साल

## भाग ८

## मालपोत तथा वनमन्त्रालयको विज्ञप्ति

काठमाडौं उपत्यकाञ्चल कमिश्नर मैजिष्ट्रेटको सवाल दफा ६ (ठ) मा वन-विभागले कठपत्र, शिलापत्रहरूको नकल गजेटमा छपाई प्रकाशित गर्नुपर्छ भन्ने उल्लेख-बमोजिम नागार्जुन साक्षी अड्डाको कर्मचारीहरू बोलाई उक्त अड्डामा भएको मिति १६२६ साल वैशाख सुदी ८ रोज ४ को शिलापत्र र संवत् १६१६ साल वैशाख सुदी १४ का कठ — पत्रहरूका नकलहरू लिई सर्वसाधारणमा सुरक्षित पशु पन्छिहरू मारेमा नाश गरेमा समेत सरकारबाट गर्ने सजाय ज्ञात गराउनालाई यो विज्ञप्ति प्रकाशित गर्ने काम भएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६०३२

# कठपत्रको नकल

संवत् १९१६ साल मिति वैशाख सुदी १४ रोज का दिन श्री ३ महाराज-बाट भन्ज्याङखर्कदेखि पूर्व, मुडिखु भन्ज्याङदेखि दक्षिण, लुतोकोट डाँडाको तल्लो भन्ज्याङदेखि पश्चिम, च्यानडाँडादेखि उत्तर यति ४ किल्लाभित्रका बन पाल्या र वनका जनावर पाल्या उर्दी बक्सेको छ। यो तपसीलमा लेखिएबमोजिम उर्दीमा नरहनेलाई तपसीलबमोजिमको जरिवाना होला । जरिवानाका रुपैयाँ नतिर्नेलाई ऐनबमोजिम कैद होला ।

## तपसील

| | |
|---|---|
| चराचुरुङ्गीको फुल फोर्नेके मो. रु | १ |
| चराचुरुङ्गी मार्नेके मो. रु. | २॥ |
| नैं | १० |
| स्याउला भारी बाँधी लैजानेके मो. रु. | २॥ |
| उनीउको घाँस काट्नेके मो. रु. | ॥ |
| तिघ्रादेखि मनीका रूख काट्नेके मो. रु | ५ |
| तिघ्रादेखि माथि कंबरसम्मका रूख काट्नेके मो. रु. | १० |
| कंबरदेखि माथिका रूख काट्नेके मो. रु. | १५ |

जङ्गलदेखि निस्केका बाघ भालुलाई जसले पायो, उसैले मार्नु, मार्नेलाई खतबात लाग्दैन।

| | |
|---|---|
| थसभित्र खालि डुल्न आउनेलाई के मो. रु. | ।- |
| गाई भसी चराउनेके गाई भैंसीपिच्छे मो. रु. | ॥ |
| खालि बाख्रा भेडा चराउनेके भेडा बाख्रापिच्छे मो. रु. | ।- |
| सुकेको काठ लानेके मो. रु. | ९ |
| फलफूल टिप्ने, तरुल खन्नेके मो. रु. | १॥ |

६९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बिना सनदले जनरलका शिकारीले शिकार खेल्यो भने हाम्रा हजूरमा जाहेर गरी पठाउनू, जरिवाना मो. रु. १०

बिना सनदले हाम्रा शिकारीले शिकार खेल्यो भने जरिवाना मो. रु १०

दावली खेल्नेलाई ६ महिना कैद गर्नु, म्यादको रुपैयाँ नलिनू।

यस वनका ४ किल्लाभित्र पर्व पर्वमा देवताको पूजा र दर्शन गर्न आउने जानेहरुलाई चौकीले रुख नकाट्नु, जनावर नमार्नू भन्न उर्दी दी पर्व पर्वमा पूजा र दर्शन गर्न जान दिनू. कसैले रुख काट्यो, जनावर मार्‍यो भने लेखिएबमोजिम जरिवाना होला।

## शिलापत्रको नक्कल

श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रमशाहका हुकुमका उर्दी:—

यो वनभित्रका कस्तुरी मार्नेलाई मोहरु. २०० दुइशय जरिवाना गर्नु — १

मृग घोरल मार्नेलाई ५० रुपैयाँ जरिवाना गर्नु — — २

चित्तल बराठ मार्नेलाई १०० रुपैयाँ जरिवाना गर्नु — — ३

लकुना मार्नेलाई ६० रुपैयाँ जरिवाना गर्नु — — ४

थार मार्नेलाई १५० रुपैयाँ जरिवाना गर्नु — — ५

जरायो मार्नेलाई २५० रुपैयाँ जरिवाना गर्नू — — ६

दुमसी मार्नेलाई २० रुपैयाँ जरिवाना गर्नू — — — ७

चौगोडा मार्नेलाई १० रुपैयाँ जरिवाना गर्नू — — ८

तित्रा, प्यूरा, बट्टाई, ढुकुर मार्नेलाई ५ रुपैयाँ जरिवाना गर्नू — — ९

यिनको फूल चोर्ने, फूलको फूल फोर्नेलाई २½ रुपैयाँ जरिवाना गर्नू — १०

डाँफे, मोहनाल, खकरा, सचिल्मी कालिज, च्याखुरा, लुँइचे मार्नेलाई १५ रुपैयाँ जरिवाना गर्नू — — — — ११

ऐजनको फूल चोर्नेलाई, फूल फोर्नेलाई ७½ रुपैयाँ जरिवाना गर्नु. — १२

हलेसो, वजेवा, सुगा, वनपरेवा, भ्याकुरा मार्नेलाई ५ रुपैयाँ जरिवाना गर्नु १३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
(६३०)

ऐजनको फूल चोर्ने, फूल फोर्नेलाई २½ रुपैयाँ जरिवाना गर्नू — — १४

मुजुर मार्नेलाई १२ रुपैयाँ जरिवाना गर्नू. — — — १५

यिनको फूल चोर्ने; फूल फोर्नेलाई ६ रुपैयाँ जरिवाना गर्नू. — — १६

अरू साना-साना चराचुरुङ्गी मार्नेलाई २½ रुपैयाँ जरिवाना गर्नू — १७

ऐजनको फूल चोर्ने, फूल फोर्नेलाई १¼ रुपैयाँ जरिवाना गर्नू — १८

यो वनका वृक्षको फूल, सागपात टिप्नेलाई २½ रुपैयाँ जरिवाना गर्नू. — १९

फल टिप्नेलाई ५ रुपैयाँ जरिवाना गर्नू. — — — २०

सुकेका झिंजामिंजा चोर्नेलाई ५ रुपैयाँ जरिवाना गर्नू. — — २१

स्याउला चोर्नेलाई ७ रुपैयाँ जरिवाना गर्नू. — — — २२

भैंवाँस काट्नेलाई भारीका २½ रुपैयाँ जरिवाना गर्नू. — — २३

केराको थाम, बाँस काट्नेलाई बाँस १ को ४ रुपैयाँ जरिवाना गर्नू. — २४

खुकुरीको बिंड जत्रो रुख काट्नेलाई रुख १ को २ रुपैयाँ जरिवाना गर्नू. २५

नारी—पाखुरा जत्रो रुख काट्नेलाई रुख १ को ३ रुपैयाँ जरिवाना गर्नू. २६

पिडौंला साँझा जत्रो मोटा रुख काट्नेलाई रुख १ को ६ रुपैयाँ जरिवाना गर्नू. २७

कम्वर जत्रो मोटा रुख काट्नेलाई रुख १ को १२ रुपैयाँका दरले जरि-
वाना गर्नू. — — — — — २८

कम्बरदेखि माथि ठूला रूख काट्नेलाई १० रुपैयाँ जरिवाना गर्नू. — २९

मालिशेखपतर काट्नेलाई १ बाँसको ८ आना जरिवाना गर्नू. — ३०

निगाला, झाँक्रे, घोडे, तिते सिंगाने निगाला काट्नेलाई १ बाँसको ८ आठ
आनाका दरले जरिवाना गर्नू. — — — — ३१

चिएडे, काभ्रो, कोइरालो, नीउरो, ठाट्ने, पञ्चाल्नो काट्नेलाई १ फूलको
बाढेको १ आना पैसा जरिवाना गर्नू. — — — ३२

काफल, ऐंसेलू, चुत्रो, जामुन, क्यामुन, फलिडे, मछैनो यो चोर्नेलाई १
मानाको ८ आनाका दरले जरिवाना गर्नू. — — — ३३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६३५



पर्खालका किनारामा लाएका काँडाका बाँफ, सीउँडीका बाँफ काट्नेलाई बाँफ १ को मोहरु ८ आनाका दरले जरिवाना गर्नू. ३४

पर्खाल भत्काउनेलाई १हात लम्बाई, १ हात गजको २० रुपैयाँ जरिवाना गर्नू. ३५

योभन्दा बढ्ता भत्काउनेलाई त्यही हिसाबले जरिवाना गर्नू. ३६

यहाँभित्र छोडेका चरा पर्खालभित्र मारुन् तापनि पर्खालबाहिर मारुन् तापनि जरिवाना यही हो।

चोर्दा भने चोरेको रहेनछ, मान्छे मात्र पर्खालभित्र पसेको रहेछ भने त्यस्ता मानिसलाई ५ रुपैयाँ जरिवाना गर्नू।

दण्डको रुपैयाँ तिर्न सकेन भने महिनाको ५ रुपैयाँका दरले कैद गरी सडक खटाउनु। यो बिराम स्वास्नीमानिसले गरेको रहेछ भने उसको पोई, उसको नछुट्टिएको छोरालाई जरिवाना गर्नू। जरिवाना तिर्न सकेन भने कैदी गरी सडक खटाउनु। बिराम गर्ने स्वास्नी मानिसको पोई पनि छैन, छोरा पनि छैन भने नेल ठोकी बारुदखानामा बारुद पिस्न पठाउनु।

यो बिराम जागीरे मानिसले गरेको रहेछ भने तानामाना बुझी किताबमा नाम कटाइदिनु, जरिवाना पर्दैन।

यो हुकुमको उर्दी उतराबदेखि रैतानतकलाई यही हुकुम हो। यो हुकुम जसले लंघन गर्ला, शिलापत्रमा लेखिएबमोजिम जरिवाना हुनेछ, तानामाना बुझिनेछ। सो सो बुझी हुकुममा तत्पर रही यो वनमा पाइलो कसैले नहाल्नु।

यो वनभित्र छोडेका जनावरहरुमा पर्खालबाहिर निस्केका जसले मार्ला, जखम गराउला, माथि लेखिएका जरिवानाका २ खण्डका २ खण्ड जरिवाना गर्नू।

यस वनमा सोला दर्जन थापेको छ, जीयेको माया हुनेले यो वनमा नपस्नु।

यो वनभित्र छोडेका चारखुट्टे जनावर पर्खाल बाहिर निस्क्यो भने फलाना

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६३६

६२६

जनावर फलाना ठाउँमा निस्केको छ भनी जसले जाहेर गर्न आउला, देखाउला, त्यो मानिसलाई ८ आनादेखि माथी जनावर हेरी इनाम पाउँनेछ।

इति संबत १९२६ साल मिति वैशाख सुदी ८ रोज ४ शुभम्।

आज्ञाले—

चन्द्रबहादुर थापा.

सेक्रेटरी—मालपोत तथा बनमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित

मुद्रण विभाग, सिंहदरबार

६४० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।